# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक ३६ | बुटवल | २०८२ माघ १६ गते, शुक्रबार | नेपाल संवत ११४६ | Friday January 30, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



**हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं**

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्

**सुपर काइनेटिक कुरियर्स सर्भिस**

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१


# रवि लामिछानेको मुद्दा फिर्ताबारे निर्णय भएको छैन : रूपन्देही अदालत

**लुम्बिनी संवाददाता**

*बुटवल*




राष्ट्रिय स्वतन्त्र पार्टी रास्वपाका सभापति रवि लामिछानेसहित प्रतिवादी रहेको संगठित अपराध र सम्पत्ति शुद्धीकरण मुद्दा फिर्ता गर्न सरकारी पक्षबाट आएको निवेदनबारे कुनै निर्णय नभएको रूपन्देही जिल्ला अदालतले प्रष्ट पारेको छ । केही सञ्चार माध्यममा मुद्दा फिर्ता गर्न अस्वीकार गरेको भनेर आएपछि अदालतले प्रष्ट पारेको हो ।

सर्वोच्च अदालतमा त्यस विषयमा परेको अन्तरिम आदेशको टुंगो लागेपछि मात्र यो निवेदन पेश गर्नु भन्ने गते माघ ६ गते बेन्चबाट आदेश भएको अदालतका तहसिलदार कृष्णप्रसाद पौडेलले जानकारी दिए ।

'महान्यायाधिवक्ता कार्यालयले सहकारी ठगीलाई यथावत राखी सम्पत्ति शुद्धीकरण र संगठित अपराधको अभियोग फिर्ता गरी पाऊँ भनी जिल्ला सरकारी वकिल कार्यालयले निवेदन पेश गरेकोमा सर्वोच्च अदालतमा उत्प्रेषण रिट चलेकाले त्यहाँ अन्तरिम आदेश सम्बन्धमा टुंगो लागेपछि मात्र जिल्ला अदालतले निर्णय गर्छ, अहिले मुद्दा फिर्ता गर्न अस्वीकार गरेको भन्ने होइन यो विषय विचाराधीन नै छ,' पौडेलले भने-'माघ ६ गते नै भएको सुनुवाइको बारेमा ९ दिनपछि फरक तरिकाले समाचार आएकाले त्यो सर्वोच्च अदालतमा त्यस विषयमा परेको अन्तरिम आदेशको टुंगो लागेपछि मात्र मुद्दा फिर्ता हुने वा नहुने टुंगो लाग्छ ।'

माघ ६ गते न्यायाधीश श्यामलाल घिमिरेको इजलासले उक्त विषयमा सर्वोच्च अदालतमा परेको रिट विचाराधीन नै रहेको बुझिन आएकाले त्यसको अन्तरिम आदेशको विषयमा अन्तिम टुंगो लागेपछि मात्र पेश गर्नु भन्ने आदेश दिएको पौडेलले जानकारी दिए ।

रवि लामिछानेविरुद्ध बुटवलको सुप्रिम, पोखराको सूर्यदर्शनसहित ५ वटा सहकारीबाट बचतकर्ताको रकम अनियमितता गरेको अभियोग छ । नेपाल प्रहरी उच्च स्रोतका अनुसार जिल्ला प्रहरी कार्यालय, कास्कीमा भएको अनुसन्धान सकिएलगत्तै उनलाई अन्यत्रका सहकारी ठगी प्रकरणमा पनि अनुसन्धान सुरु गरिएको हो ।

लामिछाने प्रबन्धक निर्देशक रहेको गोर्खा मिडिया नेटवर्कद्वारा सञ्चालित ग्यालेक्सी टेलिभिजनमा सूर्यदर्शनसहित ५ वटा सहकारीको एक अर्ब बढी रकम लगानी भएको देखिएको थियो । त्यसरी रकम गएको सबै सहकारीको अनियमितताामा रविको संलग्नता देखिएको हो । सूर्यदर्शनपछि उनीमाथि बुटवलको सुप्रिम, काठमाडौंको स्वर्णलक्ष्मी सहकारी संस्था, चितवनको सहारा चितवन बहुउद्देश्यीय सहकारी संस्था, वीरगञ्जको सानो पाइला बचत तथा ऋण सहकारी संस्थामा भएको बचतकर्ताको रकम अनियमितामा पनि अनुसन्धान भइरहेको छ ।

ती सहकारीबाट २२ करोड ४६ लाख ३० हजार रुपैयाँ गोर्खा मिडियामा लगानी गरिएको देखिएको नेकपा एमालेका सांसद् सूर्य थापा नेतृत्वको संसदीय छानबिन समितिको प्रतिवेदनमा पनि उल्लेख छ । थप ४३ करोड ७ लाख ७४ हजार ५३८ रुपैयाँ भने विभिन्न व्यक्तिका नाममा ऋण देखाएर गोर्खा मिडिया नेटवर्कमा लगिएको भेटिएको छ ।

समितिले सहकारीको रकम निजी कम्पनीमा लैजानु नै गैरकानूनी भएको समेत भनेको थियो ।

रूपन्देहीको सुप्रिम सहकारी ठगी प्रकरणमा इलाका प्रहरी कार्यालय, बुटवलले २ बैशाख २०८१ मै अनुसन्धान सकेर जिल्ला सरकारी वकिलको कार्यालयमा रायसहितको प्रतिवदेन बुझाएको थियो । प्रतिवेदनका आधारमा जिल्ला अदालत, रूपन्देहीमा २८ जनाविरुद्ध मुद्दा दर्ता भएको थियो ।

कम्तिमा १ हजार ८३१ जना बचतकर्ताको ८६ करोड १८ लाख २३ हजार ७५४ रुपैयाँ अनियमितता भएको प्रकरणको मुद्दा अदालत लैजाँदा तत्कालीन गृहमन्त्री लामिछानेलाई भने जोगाइएको थियो । यद्यपि, अभियोग-पत्रमा सुप्रिम सहकारीबाट मात्र १४ करोड २९ लाख रुपैयाँ गोर्खा मिडियामा गएको देखिएको उल्लेख थियो ।

त्योमध्ये रवि लामिछानेको नाममा गैरकानुनी रूपमा २ करोड रुपैयाँ व्यापार कर्जा स्वीकृत गरेको भेटिएको अभियोग पत्रमा उल्लेख थियो । त्योमध्ये एक करोड ९६ लाख रुपैयाँ गोर्खा मिडिया नेटवर्क प्रालिको खातामा जम्मा गरेको भेटिएको थियो ।

अदालतसम्म पुगेको अनुसन्धान प्रतिवेदनमा लामिछानेको नाममा कुनै प्रक्रिया पूरा नगरी ऋण लगानी गरेको भनिएको छ । यद्यपि, अनुसन्धान अधिकृतहरूले रवि गृहमन्त्री भएका बेला सहकारीबाट ऋण लैजाने ती रवि लामिछाने को हुन् भन्ने नखुलेकाले प्रतिवादी नबनाइएको जिकिर गरेका थिए ।

लामिछानेलाई जोगाएको भन्दै यो मामलामा प्रहरीको आलोचना समेत भएको थियो । प्रहरी उच्च स्रोतका अनुसार, यही घटनालाई लिएर प्रहरी महानिरीक्षक (आइजीपी) वसन्तबहादुर कुँवरसँग रविको त्यसबेला चर्चाचर्की परेको थियो । पछि कुँवरले आफूलाई सहयोग नगरेको भन्दै रविले आइजीपी नै परिवर्तन गर्ने कोशिश गरेका थिए ।

जिल्ला प्रहरी परिसर, काठमाडौंले जीबी राई अध्यक्ष रहेको कालिमाटीको स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्थामा राखेको करिब १ अर्ब रुपैयाँ अनियमितता गरेको भन्दै प्रहरीमा ५ सय २८ जनाले २०८१ को बैशाखमा जाहेरी दिएका थिए । बागमती प्रदेशको सहकारी रजिष्ट्रारको कार्यालयले पनि स्वर्णलक्ष्मी सहकारीबारे छानबिन गर्न भन्दै जिल्ला प्रहरी परिसर, काठमाडौंलाई पत्र पठाएको थियो ।

तर, मुद्दा शाखाका प्रहरी अधिकृतहरूले त्यसबेला सिधैँ प्रहरी वृत्त, कालिमाटीमा त्यो फाइल पठाइदिएका थिए । 'मुद्दा शाखामा रहेका रविनिकट अधिकृतहरूले स्वर्णलक्ष्मी सहकारीको फाइल आउने बित्तिकै एसएसपीलाई पनि नदेखाइ कालिमाटी पठाइदिएका रहेछन् ।'-स्रोतको भनाइ छ ।

अनुसन्धान अधिकृतहरूका अनुसार, सहकारीको दुईवटा बहिखातामा लामिछानेले सहकारीबाट ४६/४६ लाख रुपैयाँ ऋण लिएको उल्लेख थियो ।

## निष्पक्ष चुनावको वातावरण बनेन : ओली



बुटवल । एमाले अध्यक्ष केपी शर्मा ओलीले आजका दिनसम्म पनि निर्वाचन निष्पक्ष, स्वतन्त्र र धाँधलीरहित ढङ्गले सम्पन्न गर्ने वातावरण बनाउन नसकेको बताएका छन् ।

प्रतिनिधिसभा सदस्यको निर्वाचनका सन्दर्भमा घोषणापत्र तयार गर्न विभिन्न विषयगत क्षेत्रका विज्ञसँग सुझावका लागि छलफल गर्ने क्रममा ओलीले त्यस्तो बताएका हुन् ।

प्रचार संयोजक मीनबहादुर शाहीद्वारा जारी विज्ञप्तिअनुसार ओलीले भदौको विध्वंसले राष्ट्रियता, लोकतन्त्र र संविधानमा पुऱ्याएको क्षतिको पुनर्निर्माण, राष्ट्रिय सुरक्षा र सुदृढ राष्ट्रिय एकता कायम गर्न उच्चमनोबलका साथ नेतृत्व प्रदान गर्ने भनेका छन् ।

उनले पार्टीले हाल भइरहेका राज्यका संयन्त्रहरूका गतिविधि र काम कारबाहीका विषयमा नजिकबाट नियालिरहेको भन्दै सरकारले आजका दिनसम्म पनि निर्वाचन निष्पक्ष, स्वतन्त्र र धाँधलीरहित ढङ्गले सम्पन्न गर्ने वातावरण बनाउन नसकेको आरोप लगाए ।

'राष्ट्रियता, सार्वभौमिकता, राष्ट्रिय सुरक्षा र स्वाभिमानको रक्षा समर्पणबाट हुन नसक्ने उल्लेख गर्दै अध्यक्ष ओलीले यसको रक्षाका लागि प्रतिरोध, प्रतिवाद र प्रतिरक्षा गरिने बताउनुभयो ।'-शाहीद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । उनले कुनै पनि आत्मसमर्पण स्वीकार्य नहुने कुरामा जोड दिए ।

'पार्टीले देशलाई पहिलो प्राथमिकतामा राखेर मुलुकको समृद्धि, सुशासन, दीगो विकासमार्फत् नेपाली जनताको समृद्धि र सुखको चाहनालाई पूरा गर्ने गरी घोषणापत्रको तयारी गरिरहेको बताउनुभयो ।'-विज्ञप्तिमा उल्लेख छ ।

एमालेले व्यावहारिक र पाँच वर्षमा ठोसरूपमा उपलब्धि हासिल गर्नसक्ने गरी कार्यक्रमहरू समेटेर घोषणापत्र ल्याउने तयारी गरिरहेको विज्ञप्तिमा उल्लेख छ ।

## चुनाव बिथोल्न खोजे कडा कारबाही : गृहमन्त्री

बुटवल । गृहमन्त्री ओमप्रकाश अर्यालले शान्तिसुरक्षा बिथोल्न खोज्ने जोकोहीमाथि कडा कारबाही हुने बताएका छन् ।

निर्वाचन आयोगका पदाधिकारीहरूसँगको छलफलमा गृहमन्त्री अर्यालले भयरहित निर्वाचनको वातावरण बनाउन सरकार प्रतिबद्ध रहेको बताएका हुन् । कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीलगायत आयोगका पदाधिकारीसँग बिहीबार निर्वाचन आयोगमा निर्वाचनको शान्तिसुरक्षा र निर्वाचनको समग्र व्यवस्थापकीय तयारीका बारेमा छलफल भएको थियो ।

छलफलमा गृहमन्त्रीले निर्वाचन सुरक्षा मजबुत बनाई भयमुक्त वातावरण निर्माण गर्ने कार्यलाई सरकारले उच्च प्राथमिकता दिई कार्य गरिरहेको बताए ।

मतदाता, राजनीतिक दल, उम्मेदवार, निर्वाचनमा खटिने कर्मचारी एवं सुरक्षाकर्मीलगायत सरोकारवाला सबैको सुरक्षाको भरपर्दो व्यवस्था मिलाएको पनि उनले जनाए । यसका लागि गृह मन्त्रालयले निर्वाचन कार्यतालिकासँग तालमेल हुनेगरी सुरक्षा योजना बनाएर काम गरिरहेको उनको भनाइ थियो । आपराधिक तथा निर्वाचनविरोधी गतिविधि उपर शून्य सहनशीलताको नीति अवलम्बन गरी कार्य गर्न स्थानीय प्रशासन, सुरक्षा निकायका प्रमुखहरूलाई निर्देशन दिइसकेको पनि गृहमन्त्री अर्यालले अवगत गराएका छन् ।

## चुनावको विश्वसनीय वातावरण बनाऊः ज्ञवाली



बुटवल । नेकपा एमालेका केन्द्रीय सदस्य प्रदीप ज्ञवालीले सरकारले निर्वाचनका लागि विश्वसनीय वातावरण बनाउन नसकेको बताएका छन् । 'अझैं पनि चुनाव हुन्छ भन्ने आम मान्छेमा विश्वास छैन, शान्ति सुरक्षाको नागरिकले अनुभूति गर्न सकेका छैनन् । नागरिकले शान्ति सुरक्षाको अनुभूति गर्न नसकेका बेला निष्पक्ष चुनाव हुन्छ भन्ने विश्वास गर्न सकिन्न ।'-उनले भने ।

उनले बुटवलमा पत्रकारहरूसँग कुराकानी गर्दै फरार कैदीबन्दी र लुटिएका हतियार दुरूपयोग हुन सक्ने आशंका गरे । 'अझै सात सय कैदी बन्दी फरार छन्, उनीहरू समाजमा के गरिरहेका छन्, प्रहरीलाई जानकारी छैन, कतिपय अपराध गरेर पुनः पक्राउ परेका घटना सार्वजनिक भइरहेका छन् ।'–उनले भने ।

शान्ति सुरक्षाको अनुभूतिका लागि जेनजी आन्दोलनमा कारागारबाट फरार कैदी बन्दी र लुटिएका हतियार नियन्त्रणमा लिन सक्नुपर्ने उनको भनाइ छ । '

» *बाँकी ३ पेजमा*

## अस्पतालमा सीटीस्क्यान खरिदमा भ्रष्टाचार आरोपमा मुद्दा




दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा सीटी स्क्यान मेसिन खरिद प्रकरणलाई लिएर तत्कालीन उपकुलपति प्रा.डा. संगीतासिंह भण्डारीसहित १९ जना र एक कम्पनीमाथि विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरिएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दायर गरेको मुद्दामा भण्डारीसहितका पदाधिकारी र कर्मचारी तथा खरिद प्रक्रियामा संलग्न निजी कम्पनीका प्रतिनिधि छन् । उनीहरूसँग ७ करोड ३१ लाख ८२ हजार ९ सय ८५ रुपैयाँ बिगो दाबी गरिएको छ ।

प्रतिवादी बनाइएकाहरूमा तत्कालीन उपकुलपति भण्डारी, रजिष्ट्रार कैलाशप्रसाद देव, तत्कालीन निर्देशक डा. सागर पन्थी, रेडियोलोजी विभाग प्रमुख डा. बोम बीसी, बायोमेडिकल इञ्जिनियरहरू शरद भण्डारी र आशुतोष भण्डारी, कन्सल्टेन्ट बायोमेडिकल इञ्जिनियर अमितकुमार चौधरी, हिमालयन मेडिटेक प्रालि कम्पनी र यसका प्रतिनिधि अमर श्रेष्ठ र सन्जु राजकर्णिकारलगायत रहेको अख्तियारले जनाएको छ ।

प्रतिष्ठानका लागि '१२८ स्लाइस सीटी स्क्यान मेसिन' खरिद गुरुयोजना र आवश्यकताको पहिचान नै नगरी मेसिन खरिद प्रक्रिया अगाडि बढाइएको, बोलपत्र खोल्नुपूर्वको बैठकबाट प्राविधिक स्पेसिफिकेसनमा अस्वाभाविक संशोधन गरी कुनै निश्चित कम्पनीलाई फाइदा पुग्ने गरी काम गरिएको, गुणस्तरीयताको गलत प्रतिवेदन बनाइएको उनीहरूमाथि अभियोग छ ।




## सम्पादकीय

# प्रहरी जुरुक्क उठ्दैछ

जेनजी आन्दोलनमा प्रहरी हिरासतबाट फरार भएर काठमाडौं उपत्यकामा लुटपाट गर्ने १० जनाको एउटा समूहलाई प्रहरीले पक्राउ गर्न सफल भएको छ। उनीहरुले २७ ठाउँमा लुटपाट गरेको प्रारम्भिक अनुसन्धानमा प्रहरीले पत्ता लगाएको छ । जिल्ला प्रहरी परिसर काठमाडौंले गोली चलाएर बिहीबार बिहानीपख १० जनालाई पक्राउ गरेपछि अनुसन्धान गर्दा यसका मुख्य नाइके नै जेनजी आन्दोलनको मौकामा हिरासतबाट फरार भएको खुलेको हो।

विभिन्न अपराधिक कर्ममा सहभागी भई प्रहरी हिरासतमा परेका उनीहरु हिरासत तोडेर फरार रहेका उनीहरु पुनः अपराधिक क्रियाकलापमा संलग्न भएको यो तथ्यले हिरासत र कारागारबाट भागेका अरु कैदी बन्दी समेत अपराधिक क्रियाकलापमा सहभागी भएको हुनसक्ने आँकलन गर्न सकिन्छ। रवि लामिछानेले जेलबाट बाहिर निस्केपछि अरु कैदी बन्दी समेत जेलबाट निस्केका थिए। तीमध्ये अझैं ७ सयको हाराहारीमा कैदी बन्दी जेलमा नफर्केको जेल प्रशासनको भनाइ छ। नख्खु कारागारबाट भागेका एक व्यक्तिले काभ्रेको पनौतीमा श्रीमतीको हत्या गरेका छन् । यस्ता केही घटनाले समाजमा अपराधको डरलाग्दो ग्राफ बढ्न सक्ने देखिन्छ । डाँका चोरी मुद्दामा पक्राउ परी प्रहरी वृत्त महाराजगञ्ज हिरासतमा रहेका काभ्रे भुम्लु गाउँपालिका-३ घर भएका २३ वर्षीय विनय तामाङले जेनजी आन्दोलनको मौकामा हिरासतबाट फरार भए । उनले नै समूह खडा गरी उपत्यकामा लुटपाटको आतंक मच्चाएको प्रहरी अनुसन्धानबाट खुलेको छ। पक्राउ परेका सबै विगतमा लुटपाटलगायत विभिन्न अपराधिक क्रियाकलापमा संलग्न भएको देखिन्छ। अझ उनीहरु दिउँसो रेकी गरी लुटपाटको योजना बनाउने र राति लुटपाट गर्ने पाइएको छ। एकजना ट्याक्सी चालक रहेको र उनले आफ्ना ग्राहकको घर र अरु गतिविधि निगरानी गरेर लुटपाटको योजना बनाएको प्रहरी अनुसन्धानबाट खुलेको छ।

प्रहरीको मनोबल खस्केको र समाजिक एकता, सद्भाव र हार्दिकता खल्बलिएको मौकामा अपराधीको मनोबल बढ्ने भएकाले समाजमा अपराधिक क्रियाकलाप धेरै हुन्छ। अपराध नियन्त्रणको लागि प्रहरीलाई साधन स्रोतको जति आवश्यक हुन्छ, मनोबल सबैभन्दा ठूलो कुरा हो । मनोबल उच्च भएको प्रहरीले मात्रै समाजमा भरोसा र विश्वास जित्न सक्छ।

मनोबल खस्केको भनिएको प्रहरीको मनोबल विस्तारै उठ्दैछ। प्रहरीले काठमाडौंबाट नौ घण्टा लामो अप्रेशन चलाएर लुटपाटको एउटा गिरोह पक्राउन गर्न सफल भएर नागरिकको विश्वास जित्न सफल भएको छ। र , एउटा सन्देश दिएको छ, प्रहरीको खस्केको मनोबल विस्तारै जुरुक्क उठ्दै छ। यो अप्रेशनको सन्देश प्रहरी कमजोर छैन, अपराधी जुनसुकै समयमा पक्राउ पर्न सक्छन् भन्ने पनि हो।

काठमाडौंमा लुटपाटमा संलग्न यी व्यक्तिको पक्राउ सामान्य अवस्थामा धेरै चर्चाको कुरा नहुनसक्छ। तर प्रहरीप्रति अविश्वास भएको बेला यो सफल कारबाहीले विश्वास जगाएको छ। प्रहरीलाई अपराध नियन्त्रण गर्न सबैले सहयोग गर्न आवश्यक छ, प्रहरीको एक्लो प्रयासले मात्रै समाजमा अपराध नियन्त्रण सम्भव छैन।

# देशको राष्ट्रियता र स्वाभिमानका लागि



विन बहादुर कुँवर

अब पनि जीवनको अन्तिम उत्तरार्ध खाली पद, प्रतिष्ठा र कुर्सीकै लागि मरिहत्ते गर्न पट्टी नलागि देश र जनताको हित, राष्ट्रियता र स्वाभिमानको पक्षमा एक भई जान कांग्रेस, एमाले र नेकपाका वृद्ध नेता देउवा, ओली, प्रचण्ड, माधव, झलनाथ आदि सबैलाई सुझाव छ। अहिले मुख्य चुनावी नारा देश खरानी बनाउने कि देश बनाउने मात्रै होइन। देशको राष्ट्रियता र स्वाभिमान बचाउने कि देशको अस्तित्व नै सखाप पार्ने राष्ट्रघातीहरुबाट देशलाई बचाउने पनि हो।

आगामी फागुन २१ मा हुन गइरहेको संसदीय निर्वाचनका लागि सांसद सदस्यहरुको मनोनयन दर्ता सम्पन्न भइसकेको छ। यसपछि अहिले देशव्यापी चारैतिर चुनावी प्रचारप्रसार भइरहेको छ। सबै दलका नेता-कार्यकर्ता एवम् स्वतन्त्र सबैले आआफ्ना उम्मेदवारहरुलाई आ-आफ्नो चुनावी क्षेत्रमा त्यहाँका जनतासँग भेटघाट, परिचय अनि आ-आफ्ना धारणा व्यक्त गर्ने काम भइरहेको छ। यस्ता विगतका निर्वाचनहरुमा भन्दा अहिले अलि बढी चुनावी माहोल बेग्लै देखिंदैछ। खासगरी विगतमा भएको जेनजी आन्दोलनको राप-ताप अनि त्यसले उत्पन्न गरेको परिस्थिति अनुरुप देशका दलहरुले आ-आफ्ना विचार र धारणाहरु अघि सार्दै आएका छन् । हुनतः अहिलेसम्म कुनै पनि दलले चुनावी घोषणापत्र बाहिर ल्याइसकेका छैनन् । तै पनि केही दलहरुले भने तत्काल केही नारा अघि सारिसकेका छन् । त्यसअनुसार नेकपा एमालेले 'भोट देश जलाउनेलाई होइन बचाउनेलाई' त्यस्तै रास्वपाले 'पुरानालाई होइन नयाँलाई भन्दै आएको छ ।' कांग्रेस-नेकपाले भने त्यस्तो ठोस कुनै नारा अहिलेसम्म अघि सारेको छैन।

पहिलो कुरा त यो संसदीय बुर्जुवा दलाल सामन्ती राज्य व्यवस्था हो । यसअन्तर्गत यस्ता जे सुकै नारा अघि सारेर चुनाव गरे पनि त्यहाँ केही हुनेवाला छ। चुनाव सम्पन्न अर्को दिनदेखि ती सबै नारा कागजमा मात्रै सीमित हुन्छन्। लागू गर्ने कुरै आउँदैन । आजसम्मको विगत इतिहास त्यस्तै छ । सुरु-सुरुमा २०१५ सालको नेपाली कांग्रेसले यस्तै भन्ने गरेको थियो । त्यस्तै २०४६ सालमा नेकपा एमालेले अनि २०६४ सालमा माओवादीले यस्तै नयाँ-नयाँ नारा अघि सारी चुनावमा आएको थियो । सुरु-सुरुमा केही गरेजस्तो पनि गरेको थियो। तर पछि क्रमशः जस्तो व्यवस्था त्यस्तै चरित्र देखाउँदै अन्ततः यो रुपमा अर्थात् सबै सामन्ती, दलाल र नोकरशाही बुर्जुवा, भ्रष्टाचारी, कमिशनखोर आदि बने । त्यसैले जबसम्म यो राज्य व्यवस्थाको यो अर्थात् सामन्ती दलाल र नोकरशाही बुर्जुवा चरित्रको पूर्ण रुपले बदलिन्न तबसम्म यस्ता जतिसुकै धेरै निर्वाचन गरे पनि नयाँ-पुराना सबैको चरित्र यस्तै आगो लगाउने, लुट्ने, चोर्ने, ठग्ने, भ्रष्टाचार आदि गर्ने हत्या, हिंसा मच्याउने हुन्छ । त्यसै वर्तमान र आगामी राजनीतिक निकास भनेको यस्ता सामन्ती दलाल बुर्जुवा निर्वाचन होइन आन्दोलन-संघर्ष र विद्रोह नै हो। त्यसका लागि चुनाव होइन बहिष्कार हो।

अहिले केही दलहरुले नयाँ र पुराना बीचको प्रश्नलाई मुख्य विन्दु मानेर चुनावी नारा अघि सारिरहेका छन्। यसमा खासगरी घण्टी पार्टी अनि पछि पछि कांग्रेस र नेकपा देखिने गरेका छन्। नयाँ र पुरानो छुट्याउने मूल कसी के हो ? एउटा त उमेर होला अर्को विचार सिद्धान्त र दृष्टिकोण होला ? पहिलो छुटयाउने कसी उमेर जन्म आदि होला अर्थात् वर्षले युवा अनि उनी प्रौढ र वृद्ध। आज यी दलहरुले यसमा जुन प्रश्न उठाउने गरेका छन् । उनीहरु यही जन्म र वर्षलाई नै मुख्य कसी बनाउने गरेका छन् । निश्चय नै नयाँ र पुराना अनि स्वास्थ्य र निरोगी मानवीय उमेरको दृष्टिकोणले फरक पर्दछ नै। तर नयाँ भनेर कुनै राजनीतिक विचार सिद्धान्त र दृष्टिकोण नै नभएका भए पनि त्यही पुरानै सामन्ती, दलाल नोकरशाही बुर्जुवा मक्किएको पुरानो विचारलाई नै आफ्नो गन्तव्य ठान्नेहरुलाई फेरि के को नयाँ भन्ने ? वर्षौंदेखि यस्तै मक्किएको पुरानो विचार लिएकैले कांग्रेस-एमाले र माओवादीहरुको हालत यस्तै भएको हो । फेरि ठीक यस्तै व्यवस्था, यस्तै सांसद अनि यस्तै निर्वाचनअन्तर्गत जुन अहिले नयाँको कुरा गरिदै छ, यो बेकार छ। पुनः जनतालाई त्यसमा पनि अझ नयाँ युवा पिढीलाई भ्रम पार्ने र बेकुप बनाउने षड्यन्त्र हुँदैछ।

अब भनौ नयाँका धेरै कुरा गर्ने घण्टी पार्टीको के नयाँ छ ? विचार सिद्धान्त अनि दृष्टिकोणमा नयाँ खोई ? त्यही सामन्ती, दलाल र बुर्जुवा चिन्तन साम्राज्यवाद र विस्तारवादको विरोध गरेको खोई उल्टै त्यसैका भरिया भई देश जलाउँदै र तोडफोड गर्दै हिंडने । नयाँ निर्माण गर्नभन्दा बढी तोडफोड र भत्काउँदै हिड्ने । खाली केही केही भड्किला नाराको भरमा कति दिन राजनीति गर्ने ? देशको राष्ट्रियता र स्वाभिमानको कुरै नगर्ने खाली साम्राज्यवादी एनजीओ र आइएनजीओमार्फत् डलरको खेती गरी जिऊ, घर, परिवार पाल्नेहरुले देश र जनताको के विकास गर्लान् ? ढिलो चाडो यिनीहरुमार्फत् यो देश युक्रेन, अफगानिस्तान वा सिक्किम त्यति मात्रै होइन, उस्तै परे देशकै अस्तित्व नै सकिने उत्तर चीन दक्षिण भारत। युक्रेनको जस्तो ४० प्रतिशत भू-भाग रसियन अनि अरु सबै अमेरिकी नेतृत्वको युक्रेन जस्तै नेपाल हुने त होइन ? सबै नेपाली सचेत बनौ। त्यसैले नयाँ भनेको उमेरको मात्रै होइन उन्नत विचार-सिद्धान्त र दृष्टिकोणले हुने हो । न यहाँ कुनै कांग्रेस-एमाले र माओवादीहरुकै यस्तो उन्नत विचार छ ? न अरु कुनैको। अझ घण्टी भनौदाहरुको त साम्राज्यवादी दलालीको मात्रै छ । विगतको जेनजीहरुको आन्दोलन र त्यसमा भएका हरेक घटनाक्रमले त यो देशको सार्वभौम सत्ता नै गुमिसकेको आभास देखिंदैछ। अबको एउटा मुख्य लडाइँ यो नै बनेको छ । एमालेको देश जलाउनेलाई होइन, बनाउनेलाई भन्ने नारा मात्रैले पुग्दैन । अब देश युक्रेन बनाउने कि नबनाउने वा देशको अस्तित्व नै गुमाउने कि नगुमाउने ? यसका लागि के गर्ने सोच्ने बेला आएको छ।

माथि चर्चा भए जस्तै नेपालमा पनि युक्रेनी राष्ट्रपति जेलेनस्की जस्तै अमेरिकी पश्चिमा दलालको जन्म भइसकेको छ । कोही पत्रकारको नाममा भने केही गायक कलाकारको रुपमा । यी दुवैको हाउभाउ बोली चाली सबै जेलेनेस्कीको जस्तै छ । एउटा नेपाली जेलेनस्की सहकारी रकम ठगीको आरोपित भने अर्को जेलेनस्की काठमाडौंको मेयर भई खाईपाई आएको जेनजीहरुको भगवान । त्यसले जे गर्दा पनि छुट, हाई हाई पूर्व मेचीदेखि महाकालीसम्म चारैतिर जयजयकार छ । उसलाई सिंहदरबार जलाउन पनि छुट । सरकार, सेना, पुलिस, अदालत, प्रशासन सबै उसैको पक्षमा छ। इशारा गरे पुग्छ। अशनको साढे जस्तै उसलाई जे गर्न र भन्न सबै छुट छ। आखिर यसका पछाडि के जादु छ ? केपी ओलीलाई हराएर यो देशको प्रधानमन्त्री बन्ने उसको रहर छ। बच्चा जन्मने कहिले हो कहिले न्वारन गर्ने अहिले भने जस्तै बालेन पनि अहिले नै प्रधानमन्त्री भइसकेको छ। तर पत्रकारहरुले सामूहिक डिवेट गरौ भन्दा केपी ओलीलाई जेनजीको नर संहारकारी हत्यारा बताउँदै त्यहाँबाट भागेको छ । यदि ओली त्यस्तो अपराधी हत्यारो नै हो भने किन फेरि यसरी खुलम्खुला चुनावमा उठ्न दिएको ? तिम्रै अनुमोदित सरकार छ । तिम्रै कारिन्दा गृहमन्त्री छ। तत्काल गिरफ्तार गरी ओलीलाई कारबाही गर्न किन नसकेको ? नत्र भने बाहिर बाहिर भुक्दै हिड्ने गाँसे कुकुरले कहिले पनि टोक्ने हिम्मत नै गर्दैन। यस्तो साम्राज्यवादी कलो खाएर पालेको कुकुरले पनि कहिले पनि मृग मार्न सक्दैन।

हो हिजो पनि यस्तो साम्राज्यवादी कलो यहाँ धेरैले खाए, तर त्यो कलो खाए अनुसार काम नगरेकाले अहिले उनीहरुलाई हटाई र फेरि नयाँलाई सिगार्ने काम भइरहेको छ। कसैलाई राष्ट्रपति, कसैलाई प्रधानमन्त्री, मन्त्री, राजदूत सबैको बाँडफाँट अहिले नै भइसकेको छ। उधारो राष्ट्रपति पाउने आशामा गोरखामा बाबुरामले सांसद उम्मेदवार छोडी घण्टीलाई समर्थन गरिसकेका छन् । प्रधानमन्त्रीमा बालेन वा गगन, गृहमन्त्री पुनः रवि, अर्थमन्त्रीमा वाग्ले आदि सबैको पद विभाजन भइसकेको छ। मानौ अहिले नै घण्टी पार्टीको विजय र बालेन नेतृत्वको सरकार बनिसकेको छ। त्यही भएर यहाँका दलाल पुँजीपतिहरुले धमाधम घण्टी पार्टी र बालेनको दलाली र चाकडी गर्न थालिसकेका छन् । बालेनलाई ८, १० करोडको गाडी नै उपहार चढाईसके । करोडौं धनराशी अदालतमा धरौटी राखी रवि लामिछानेलाई जेलबाट छुटाइसकेका छन् ।

आखिर जता काफल पाक्यो उतै चरि नाच्यो भने जस्तै दलाल, पुँजीपति, भ्रष्टाचारी, कमिशन खोर, ठग, कालोबजारिया आदि सबै घण्टी पार्टीमै झुम्मिन थालिसकेका छन् । विचरा ! कांग्रेस, एमाले र माओवादीहरुको हरि बिजोक ! न अब यिनीहरुलाई साम्राज्यवादी र विस्तारवादीहरुले पत्याउँछन्, न देशका दलाल पुँजीपति, भ्रष्टाचारी र कमिशनखोर र भ्रष्ट कर्मचारीहरुले नै पत्याउँछन्। त्यही भएर अब यी पुराना भनिने कांग्रेस-एमाले र माओवादीहरुले आफू साम्राज्यवादी र विस्तारवादीहरुको गोटी आजसम्म बनेकोमा पश्चाताप गर्दै पुनः देश र जनताको लागि देशको राष्ट्रियता र स्वाभिमानको लागि जनता सामु माफी मागी जाँदा राम्रो हुनेछ।

अब पनि जीवनको अन्तिम उत्तरार्ध खाली पद, प्रतिष्ठा र कुर्सीकै लागि मरिहत्ते गर्न पट्टी नलागी देश र जनताको हित, राष्ट्रियता र स्वाभिमानको पक्षमा एक भई जान कांग्रेस, एमाले र नेकपाका वृद्ध नेता देउवा, ओली, प्रचण्ड, माधव, झलनाथ आदि सबैलाई सुझाव छ। अहिले मुख्य चुनावी नारा देश खरानी बनाउने कि देश बनाउने मात्रै होइन। देशको राष्ट्रियता र स्वाभिमान बचाउने कि देशको अस्तित्व नै सखाप पार्ने राष्ट्रघातीहरुबाट देशलाई बचाउने पनि हो।

# सहिदको सपना र नेतृत्वको दायित्व

आज सहिद दिवस, सहिदलाई सम्झने दिन। हाम्रो देशको विगतदेखि वर्तमानसम्म सुनौलो दिनको आशा जगाउने व्यक्ति, कुनै स्वार्थ नराखेर देश र जनताको भलोको लागि प्राण त्याग गर्ने व्यक्ति, आफ्नो ज्यान हत्केलामा राखेर मुक्तिको लागि लड्ने व्यक्ति। यी र यस्तै जे जस्तो नामले सहिदलाई सम्झिँदा पनि सायद त्यो कमी नै हुन जान्छ। तर हिजा र र आजमा सहिदप्रति गरिएको अपमान र सम्मानका बिचमा हामी हिँडिरहेका छौं। हिजोका प्रथम सहिद लखन थापादेखि गंगालाल श्रेष्ठ, धर्मभक्त माथेमा, दशरथ चन्द, शुक्रराज शास्त्रीहरू लोकतन्त्रका आधार स्तम्भ भएर उभिए र त्यहाँदेखि आजसम्मका सहिदहरूले हाम्रो शासन प्रणालीलाई परिस्कृत पार्न आफ्नो प्राण आहुति दिए। त्यही विद्रोह र क्रान्तिको बलमा सामन्त र तानाशाही शासकहरूले राज्यसत्ता गुमाए भने राजनीतिक दलहरू सत्ताको बागडोर सहाल्न पुगे।

सपना सुनौलो बिहानीको थियो, अँध्यारा दिनहरूको अन्त्यको लागि थियो । जसको भऱ्याङ बनेर शासक र राजनीतिक दलहरू सत्ताको बागडोरमा पुगे उनीहरू कहिल्यै पनि सहिदको सपनालाई पुरा गर्नतर्फ लागेनन् । लागे त केवल झिनाझम्टी र अदुरदर्शी खेलतर्फ। हिजो एक दशक अगाडि सहिदहरूले देखेको सपना अझैं पनि पूरा हुन सकेको छैन । विभेद, असमानता, पछ्यौटेपन, गरिबी र कु-संस्कार, कु-राजनीतिक परिस्थितिका विभिन्न रूपहरू समाजमा जारी छन्। यो एक आइसवर्ग जस्तो भइरहेको छ, जसको नौ भाग पानीमुनी र एक भाग पानी माथि। हिजो सामन्तवादको नायिके भनिने राजतन्त्रको अन्तपछि मानिसहरूले सोचेका थिए, अब सामन्तवादका विभिन्न रूपहरूको अन्त्य हुनेछ। यसैका लागि जनयुद्ध र जनआन्दोलनमा हजारौंको बलीदानी भएको छ। तर एक रूपको अन्त्य हुँदैमा अर्को रूपबाट छुट्टै सामन्तवादको विकास भइरहेको देखिन्छ । सपना बेच्ने नौलो तरिका, विभिन्न शब्द जाल र अपारदर्शी व्यवहार यहाँभित्रका नयाँ सामन्तवादका रूपहरू बनेर भित्रिएका छन्। सायद आज यस्तो नयाँ रूपमा नयाँ शोषणका रूपहरू जन्मदा हुन त हिजोका सहिदहरूले आफ्नो ज्यान आहुती गर्दैनथिए होला।

परिस्थिति सकारात्मक रूपमा अगाडि बढ्नु पर्ने हो । सहिदको सपनालाई केही मात्रामा नै भए पनि पछिल्लो पिंढीले सम्झिनुपर्ने हो । तर जसले उनको सपनाको भऱ्याङ चढेर सत्ता र शासनको बागडोर सम्हाले उनीहरूले नै सम्मान गर्न हिचकिचाएको देखिन्छ। भाषण र बोलीमा विभिन्न तरिकाबाट सहिदलाई सम्झने र उनैको बाटो हिँड्ने प्रण गरिन्छ, तर व्यवहारतह त्यसको ठ्याक्कै विपरीत। यहाँ सहिदलाई बुझ्ने र त्यसको निश्चित मापदण्ड बनाउनेमा सरकार र नेतृत्वकर्ता नै चिप्लिएको देखिन्छ । सहिदको परिभाषालाई आफ्नो राजनीतिक स्वार्थ र प्रयोग अनुसार परिभाषित गरिएको छ। देशको सुनौलो भविष्यको लागि आफ्नो ज्यान आहुति दिनेहरू बाहेक अकालमा मृत्यु भएकालाई समेत सहिदको पगरी गुथेको देखिन्छ। जसले गर्दा अन्य सहिदहरूप्रति अपमान गरिएको नठहरिएला भन्ने आधार भेट्न सकिंदैन । यस्तो हर्कत, सायद ती सहिदको आत्माले देखेको हुँदो हो त, आज उनीहरूको आत्मा रोइरहेको होला । भनिरहेको होला किन यी नेतृत्वकताृहरू हामीलाई खोला तऱ्यो लौरो बिर्सियोको व्यवहार गरिरहेका छन् ?

अब सहिदको सपनालाई साकार बनाउन लाग्ने व्यक्तिहरूको जमात बढ्नु आवश्यक छ, जसले सहिदका सपनालाई साकार तुल्याएर देशलाई सही दिशा निर्देश गर्न सकोस्। यहाँ नेतृत्वकर्ताको दायित्व यो हो कि हामी कुन धरातलबाट यहाँ आयौं। जो जसको बलिदानको सफलताबाट आफूले खुड्किलो उक्लिएको विश्वासगर्छन्। उनीहरूले एक दिन, टुडिखेल अथवा अन्त कतै गएर एक मिनेट मौन धारणा र एउटा माला गलामा लगाउँदैमा आफ्नो दायित्वबाट उम्कियो भन्ने सोचेका छन् भने त्यो उनीहरूको भूल हो । सहिदको सम्मान मौनधारण र मालाले मात्र हुँदैन । यो त उनीहरुको सम्झना गर्ने एउटा प्रक्रिया मात्रै हो। सहिदहरूको सम्मान तब हुन्छ जब उनीहरूले देखेको सपना साकार हुन्छ।

हिजो एक दशक अगाडिका प्रायः विभेद, शोषण, दमन, अत्याचारका विभिन्न रूपहरू जारी छन् । तिनीहरूले आज साइज बदले होलान्, रूप वदले होलान, तर सोंच बदलिएको छैन। त्यसैले आज सहिदलाई सम्झने प्रक्रियामा नै परिवर्तन गर्नतर्फ सोंच्न लाग्ने कि भन्ने मत पनि बढी देखिन्छ। हिजो जुनबेला जुन परिस्थितिमा जसले देशको उज्यालो पक्षको लागि बाजी लगाए उनीहरूलाई राज्यले उचित रूपमा सम्झनु आवश्यक छ र नेतृत्वकर्ताहरूको ध्यान त्यतातर्फ जाँदा नै उपयुक्त हुन्छ। उनका आश्रित परिवारलाई भरणपोषण र शिक्षा दिक्षा तथा उनीहरूको योगदानको उचित मूल्यांकन पनि आजको आवश्यकता हो।

सहिद सबैका सहिद हुनुपर्दछ, त्यो एक क्षेत्र जाति भाषा लिङ्गको सहिद नभएर समग्रमुलुककै सहिद हुनुपर्छ । यहाँ कसैले फरमाइस गर्दैमा सहिद भइहालिने पनि होइन, तर तलाई यति रुपैयाँ दिन्छु भनेर गरेको विज्ञापनबाट भएका सहिदलाई पनि सहिदको पगरी गुथ्दा केही अप्ठ्यारो पर्छ कि, त्यसैतर्फ जिम्मेवार नेतृत्वले ध्यान दिँदा ठीकै होला।

अन्त्यमा, देश विभिन्न नेतृत्वकर्ताबाट सञ्चालित छ । शासनलाई सहिदको वलिदानीबाट प्राप्त गरेको पनि भनिन्छ तर उनको बलिदानीबाट प्राप्त उपलब्धिलाई नामेट पार्ने प्रयास कहींकतैबाट भयो भने खबरदारी गर्नु आवश्यक छ। त्यसतर्फ तपाईं हामी लागौं र साथै नेतृत्वकर्ताहरूले आफ्नो दायित्वलाई बिर्सने वातावरण भन्दा उपयुक्त हुने विश्वासका साथ सहिदप्रति हार्दिक श्रद्धासुमन ! साझा बिसौनीबाट

# सेयर बजारमा १७.५३ अंकको गिरावट



काठमाडौं । सेयर बजार परिसूचक (नेप्से) १७.५३ अंकले घटेको छ। साताको अन्तिम दिन बिहीबार नेप्से परिसूचक २७१४.०५ विन्दुमा पुगेर बन्द भएको हो।

बजार परिसूचक ओरालो लागे पनि कारोबार रकममा भने उल्लेख्य वृद्धि देखिएको छ। दिनभरिमा ३२० वटा कम्पनीको ३ करोड ५४ लाख कित्ता सेयर किनबेच हुँदा कुल १४ अर्ब ५६ करोड रुपैयाँ बराबरको कारोबार भएको छ।

कारोबार भएका कुल कम्पनीमध्ये १७० वटा कम्पनीको सेयर मूल्य घटेको छ भने ८५ वटा कम्पनीको मूल्य बढेको छ। ५ वटा कम्पनीको सेयर मूल्यमा भने कुनै परिवर्तन आएको छैन।

बजार घटे पनि केही जलविद्युत कम्पनीहरूको शेयर मूल्यमा भने उत्साहजनक वृद्धि देखिएको छ । हिमालयन दोलखा हाइड्रोपावरको शेयर मूल्य ९.२३ प्रतिशतले बढेको छ भने शिवश्री हाइड्रोपावरको ९.१९ प्रतिशतले बढेको छ। यस्तै कालिका पावरको मूल्य ८.३२ प्रतिशतले वृद्धि भएको छ। कर्पोरेट डेभलपमेन्ट बैंक, मिथिला लघुवित्त र सप्तकोशी डेभलपमेन्ट बैंकको मूल्यमा नकारात्मक सर्किट लागेको छ।

समूहगत रुपमा सबैभन्दा धेरै विकास बैंक परिसूचक २.२३ प्रतिशत र म्यानुफ्याक्चरिङ क्षेत्रको २.१२ प्रतिशत मूल्य घटेको छ। हाइड्रो, इन्भेष्टमेन्ट र म्युचुअल फण्डका सूचक घटेका छन्।

कारोबार रकमका आधारमा डादी ग्रुप पावर शीर्ष स्थानमा रह्यो । यस कम्पनीको ५९ करोड ९९ लाख रुपैयाँ भन्दा बढीको कारोबार भएको छ। त्यसैगरी एसवाई प्यानलको ५२ करोड २९ लाख र अपर माई हाइड्रोपावर ४६ करोड ६४ लाख रुपैयाँको कारोबारसहित क्रमशः दोस्रो र तेस्रो स्थानमा रहेका छन्।

# व्यापार संघमा छुट्टाछुट्टै वस्तुगत उप-समिति गठन




बुटवल । आफ्नो वार्षिक कार्यतालिकाअन्तरगत रुपन्देही व्यापार संघले आफूसँग आबद्ध विभिन्न प्रकृतिका व्यवसाय सञ्चालन गर्ने व्यवसायी सदस्यहरुलाई गोलबन्द गर्ने लक्ष्यअनुसार वस्तुगत भेलालाई तीव्रता दिएको छ । रुपन्देही व्यापार संघमा आबद्ध सुनचाँदी, अटोमोवाइल्स, रिकण्डिसन, किराना तथा इलेक्ट्रिक एवं इलेक्ट्रोनिक्स व्यवसायीहरुको वृहत् भेलाले वस्तुगत उप-समिति गठन गरेको छ । संघको सचिवालयमा भएको उक्त भेलाले दलबहादुर रिसालको संयोजकत्वमा १० सदस्यीय सुनचाँदी वस्तुगत उप-समिति, कृष्णप्रसाद घिमिरेको संयोजकत्वमा ११ सदस्यीय अटोमोवाइल्स वस्तुगत उपसमिति, गंगाधर न्यौपानेको संयोजकत्वमा ७ सदस्यीय किराना वस्तुगत उप-समिति र कुमार तामाङ्गको संयोजकत्वमा १३ सदस्यीय इलेक्ट्रिक तथा इलेक्ट्रोनिक्स वस्तुगत उप-समिति गठन गरेको हो ।

सुनचाँदी वस्तुगत उप-समितिको सह-संयोजकमा बलबहादुर सुनार, सचिवमा ओमप्रकाश सुनार, कोषाध्यक्षमा विष्णुबहादुर सुनार, सह-सचिवमा लक्ष्मण सेन्चुरी, सदस्यहरुमा राजु वराल, असिम सुनार, मनिक वि.क., प्रकाश विश्वकर्मा, डि.वि. सेन्चुरी र सल्लाहकारहरुमा हरि गहतराज, हरि सुनार, गकुल विश्वकर्मा रहेका छन् । यस्तै अटोमोवाइल्स वस्तुगत उप-समितिको सह-संयोजकमा शंकर काफ्ले, सचिवमा बलाराम खत्री, कोषाध्यक्षमा अरुण पौडेल, सह-सचिवमा अर्जुन पोखरेल, सदस्यहरुमा शुसिल श्रेष्ठ, नविन प्रधान, आसिम घिमिरे, लेखनाथ भण्डारी, ध्यानबहादुर राई, चन्द्र पोखेल र सल्लाहकारहरुमा ठाकुरप्रसाद आचार्य, सुशिल पाण्डे, नारायणप्रसाद खनाल रहेका छन् ।

यस्तै किराना वस्तुगत उप-समितिको सह-संयोजकमा दिपक काफ्ले, सचिवमा सम्झना पाण्डे, कोषाध्यक्षमा शालिकराम बस्याल, सह-सचिवमा कृष्ण सापकोटा, सदस्यहरु सारदा श्रेष्ठ, सुवर्ण ध्वजु र सल्लाहकारमा जीवनारायण घिमिरे, गोपालकुमार प्रधान, शंकर पाण्डे रहेका छन् ।

यस्तै इलेक्ट्रिक तथा इलेक्ट्रोनिक्स वस्तुगत उप-समितिको सह-संयोजकमा रविलाल पोखरेल, सचिवमा रिमा देवकोटा, कोषाध्यक्षमा सुवास घिमिरे, सह-सचिवमा कृष्ण घिमिरे, सदस्यहरु पदम घिमिरे, प्रेम नेपाली, राजकुमार भट्टराई, वसन्तकुमार कसौधन, शालिकराम पौडेल, तेजबहादुर कुँवर, बालकृष्ण गैरे, पिताम्बर न्यौपाने र सल्लाहकारहरु नारायण बस्याल, घनश्याम पराजुली रहेका छन् ।

भेलामा बोल्दै कार्यक्रमका प्रमुख अतिथि संघका अध्यक्ष प्रकाश ढकालले उप-समितिहरुले रुपन्देही व्यापार संघको पिल्लरको रुपमा जिम्मेवारी वहन गर्न अनुरोध गर्दे व्यवसायीहरुको समस्याहरुको बारेमा उप-समितिले पहिचान गर्न पहल गर्ने र त्यसको समाधान गरेर व्यवसाय विस्तारमा व्यवसायीहरुको सहयोगी बन्न आग्रह गरे ।

कार्यक्रममा संघका सह-सचिव एवं वस्तुगत उप-समितिका संयोजक नलराज नेपालले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पारेका थिए भने कार्यक्रममा नवनिर्वाचित संयोजक रमेश भुसालले आफ्नो कार्यकालमा रचनात्मक क्रियाकलापहरु साथै व्यावसायिक गतिविधिहरुमार्फत् संघलाई थप उचाईमा पुऱ्याउने प्रतिबद्धता व्यक्त गरेका थिए ।

भेलामा संघका द्वितीय उपाध्यक्ष मनहरि बस्याल, महासचिव प्रकाशराज पौडेल, कोषाध्यक्ष अर्जुनप्रसाद भट्टराई, सचिव वृन्दा भट्टराई आचार्य, सह-कोषाध्यक्ष जीवनारायण घिमिरे (जीवन), कार्यसमिति सदस्य केदारनाथ नेपाल, सरोजकुमार गहतराज, टेकराज पन्थी, गोविन्दप्रसाद चापागाईं, सरोज ज्ञवाली, हरि सुनार मुरारीराज भण्डारी, प्रेमनाथ पाण्डे, मनिराम खनाल (मणि) र माधवप्रसाद ज्ञवालीलगायतले उप-समितिको सकृयता र क्रियाशिलताले संघको गतिविधि आम उपभोक्ता तथा व्यवसायीमा पुग्ने हुँदा अघिल्लो कार्यकालमा भएका काम भन्दा अझ उत्कृष्ट काम गर्न सुझाव दिएका थिए ।

# नेपाल पुनर्निर्माण कोषमा नौ लाख सहयोग



काठमाडौँ । अमेरिकामा बस्ने नेपालीहरुको सामाजिक संस्था नेप्लिज एसोसिएसन अफ साउथ इस्ट अमेरिका (नासिया)ले नेपाल पुनःनिर्माण कोषका लागि करिब रु नौ लाख बराबर सहयोग गरेको छ ।

नासियाका कोषाध्यक्ष पुरनराज खतिवडाले बिहीबार बालुवाटारमा प्रधानमन्त्री सुशीला कार्कीलाई सो रकम बराबरको चेक हस्तान्तरण गरेको प्रधानमन्त्रीका प्रेस सल्लाहकार रामबहादुर रावलले जानकारी दिए । उनले जेनजी आन्दोलनमा सहिद भएका युवाका परिवारको राहत तथा पुनःस्थापनाका लागि उक्त रकम सङ्कलन गरी सरकारलाई हस्तान्तरण गरिएको जानकारी दिए ।

सो अवसरमा प्रधानमन्त्री कार्कीले विदेशमा बसेर खाई-नखाई जम्मा गरेको रकम पुनर्निर्माण कोषका लागि उपलब्ध गराएकामा धन्यवाद दिइन् । उनले नेपालमा अप्ठ्यारो पर्दा विदेशमा बस्ने नेपालीले गर्दै आएको सहयोगको सराहना पनि गरिन् ।

प्रधानमन्त्री कार्कीले भनिन्-“जब यहाँ हामी समस्यामा हुन्छौं, कुनै विपद् वा महामारी हुन्छ, तपाईंहरु विदेशमा बसेर यहाँको चिन्ता गर्नुहुन्छ । खाई-नखाई रकम जम्मा गरेर सहयोग गर्नुहुन्छ । यही हो नेपालीपन भनेको । आखिर आफ्नो देश आफ्नै हुन्छ ।”

# चितवनको गहुँमा नयाँ रोग

चितवन । जिल्लामा लगाइएको गहुँमा नयाँ रोग देखिएको छ । जरामा लाही (कीरा) र पातमा ढुसी लागे जस्तो समस्या अहिले यहाँ लगाइएको गहुँमा देखिएको छ । भरतपुर महानगरपालिकाका किसानले लगाएको गहुँमा यो समस्या देखिएको हो ।

कृषि विकास कार्यालयका अनुसार तराई क्षेत्रमा देखिँदै आएको यस रोगको सङ्क्रमण अहिले चितवनमा पनि देखिएको हो ।

कार्यालयकी सूचना अधिकारी विन्दु पौडेलका अनुसार अहिले किसानले गहुँको पात पहेँलो भएको र जरामा कीराले खाएको जस्तो समस्या लिएर आएका छन् ।

अहिले रोग के हो भन्ने पुष्टि हुन नसकेको उनले बताइन् । उनले भनिन्-“किसान समस्या लिएर कार्यालय आएका छन्, हामी फिल्डमा गएर अध्ययन गर्ने क्रममा छौं, अध्ययनपछि मात्रै कुन रोग हो भन्ने पुष्टि गर्न सकिन्छ ।”

राष्ट्रिय मकैबाली अनुसन्धान कार्यक्रम रामपुरकी वैज्ञानिक सरस्वती न्यौपाने अहिल`नै कुन रोग हो भनेर भन्न सकिने अवस्था नरहेको बताउँछिन् ।

विषयगत रुपमा अध्ययनको काम नगरी यही रोग भनेर भन्न सक्ने अवस्था नरहेको उनले बताइन् । परीक्षणका लागि नमूना सङ्कलन गर्ने काम भइरहेको उनले जनाइन् । जिल्लामा चार हजार ७११ हेक्टर क्षेत्रफलमा गहुँखेती हुँदै आएको छ ।

गत वर्ष सो क्षेत्रफलमा १५ हजार ५७७ मेट्रिकटन गहुँ उत्पादन भएको कृषि विकास कार्यालयको तथ्याङ्कमा उल्लेख छ । यसवर्ष गहुँ लगाउने ठाउँमा राज्माखेती पनि गरिएको पाइएकाले केही क्षेत्रफल घट्ने अनुमान गरिएको पौडेलले जानकारी दिइन् ।

# भलिबलको उपाधि न्यू होराइजनलाई

नवलपरासी । पश्चिम नवलपरासीको पाल्हीनन्दन गाउँपालिका ६ सनईमा दोस्रो खुल्ला पुरुष भलिबल प्रतियोगिता सम्पन्न भएको छ । १८ टोली सहभागी प्रतियोगिताको उपाधि न्यू होराइजन बुटवल बीले जितेको छ ।

स्याङ्जा बयरघारी उप-बिजेता बन्दा न्यू होराइजन बुटवल एले तेस्रो स्थानमा चित्त बुझाएको छ । प्रतियोगितामा प्रथम, द्वतीय र तृतीय हुने टिमलाई क्रमशः नगद ७५ हजार, ३५ हजार र २० हजार प्रदान गरिएको थियो ।

सनई युवा खेलकुद समितिद्वारा आयोजित प्रतियोगिता माघ दश गते देखि सञ्चालन भएको अध्यक्ष मुकेश तिवारीले जानकारी दिए । सो प्रतियोगितामा वडाध्यक्ष कृष्णचन्द्र यादव, मुनलाइट इङ्ग्लिस बोर्डिङ्ग स्कुल र राधेश्याम पाठकले पुरस्कार वितरण गरेका थिए ।

साथै रामग्राम ७ स्थित किन्नर समाजका अभिभावक गीता पाण्डे सैथवारको खेलका लागि २१ हजार आर्थिक सहयोग समेत प्रदान गरिएको ताराचन्द्र बर्माले जानकारी दिएका छन् ।

स्थानीयस्तरमा खेलकुदलाई प्रवर्द्धन गर्न यस्ता प्रतियोगिता आयोजना गर्नु प्रभावकारी हुने आयोजक तथा जनप्रतिनिधिहरुको भनाइ छ ।

# शिवालय सामुदायिक वनको ४२ लाखको योजना पारित

देवदह । शिवालय सामुदायिक वन उपभोक्ता समुह देवदह-६, ले आर्थिक वर्ष २०८२/०८३ को लागि ४१ लाख ८५ हजार बराबरको योजना पारित गरेको छ । समूहको २३औं वार्षिक साधार सभामा अध्यक्ष रामचन्द्र पाध्यले आर्थिक वर्ष २०८२/०८३ को लागि उक्त रकम बराबरको योजना प्रस्तुत गरेका हुन् ।

समूहका अध्यक्ष पाध्यले प्रशासनिकतर्फ ३ लाख ३० हजार, सामुदायिक विकासतर्फ ५ लाख १५ हजार, वन संरक्षण तथा प्रवर्द्धनतर्फ १८ लाख ४० हजार, गरिबी न्यूनीकरणतर्फ २ लाख, पर्यापर्यटन विकासतर्फ ३ लाख, तटबन्धनतर्फ १० लाख गरी ४१ लख ८५ हजार बराबरको योजना अगाडि सारिएको जानकारी दिए । अध्यक्ष पाध्यले चालु आर्थिक वर्षमा शिवालय जैविक विविधता पार्कको डिपिआरमा रहेर भौतिक निर्माणको कार्यलाई अघि बढाइने उल्लेख गरे ।

वार्षिक साधारणसभाको उद्घाटन गर्दै सव डिभिजन वन कार्यालय शितलनगरमा सहायक वन अधिकृत पुष्पराज श्रेष्ठले सामुदायिक वन संरक्षणमा उपभोक्ताको भूमिका महत्वपूर्ण हुने बताए ।

समूहका पदाधिकारीले समन्वय मात्र गर्ने र वन संरक्षणका असली रक्षक समूहका उपभोक्ता भएको उल्लेख गरे ।

समूहका अध्यक्ष पाध्यको अध्यक्षतामा भएको कार्यक्रममा गाउँ वन समन्वय सञ्जालका अध्यक्ष खेमनारायण अधिकारी, सल्लाहकार बासुदेव रिमाल, दामोदर क्षेत्री, भिमलाल काफ्ले, बुद्ध सामुदायिक वनका सचिव राधिका अर्याल, शिवालय टोल विकास संस्थाका अध्यक्ष गणेश वस्याल, उपभोक्ताहरू चेतप्रसाद रिमाल, दिपक क्षेत्री लगायतले आ-आफ्ना भनाइ राखेका थिए ।

कार्यक्रममा समूहका लेखा संयोजक यमलाल शर्माले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए ।

कार्यक्रममा युगज्योति मावि, साईबाबा विद्यापिठ र व्यास आधारभूत विद्यालयका १५ जना गरिव तथा जेहेन्दार विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गरिएको थियो ।

यसैगरी समूहले सञ्चालन गरेको वृक्षरोपण कार्यक्रममा सहभागी हुने विभिन्न संघसंस्थालाई समेत सम्मान गरिएको थियो ।

समूहका उपाध्यक्ष संगीता विकको स्वागत र सचिव जमुना रेग्मीको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो ।

# निर्वाचन आचारसंहिता पालना गर्न आग्रह

नेपालगञ्ज । आसन्न प्रतिनिधिसभाको निर्वाचनका लागि आचारसंहितापालना गर्न यहाँ राजनीतिक दल तथा उम्मेदवार सहमत भएका छन् । दुर्गम मानिने बाँकेको नरैनापुरमा आयोजना भएको सर्वदलीय बैठकमा निर्वाचन आयोगले जारी गरेको निर्वाचन आचारसंहिता पालना गर्न दल र उम्मेदवार सहमत भएका हुन् ।

बाँककेका प्रमुख जिल्ला अधिकारी दिलकुमार तामाङले राजनीतिक दललाई निर्वाचन आचारसंहिता पालनामा गम्भीर हुन आग्रह गर्दै आयोगले निर्वाचनको नियमन तथा अनुगमनसमेत गर्ने बताए । निर्वचन क्षेत्र नं. १ का निर्वाचन अधिकृत सरोजनिधि वाग्लेले जिल्लामा देखिएका केही अप्ठेरो अवस्थाका विषयमा जिज्ञासा आएको र त्यसलाई सम्बोधन गरिएको जानकारी दिँदै राजनीतिक दल र उम्मेदवार निर्वाचन आचारसंहिता पालनामा प्रतिबद्ध रहेको बताए ।

निर्वाचनलाई भयरहित,मर्यादित बनाउन आचारसंहिता पालनमा जोड दिइएको उनको भनाइ छ । निर्वाचन आचारसंहिता पालनाका सन्दर्भमा बिहीबार निर्वाचन क्षेत्र नं. २ ले पनि सर्वदलीय बैठकको आयोजना गरेको जिल्ला निर्वाचन अधिकारी टेकबहादुर शाहीले जानकारी दिए ।

सो सर्वदलीय बैठकमा नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी एमाले, नेपाली कम्युनिष्ट पार्टी, राष्ट्रिय जनमोर्चा नेपालका प्रतिनिधि, स्वतन्त्रतर्फका उम्मेदवारलगायत सहभागी थिए । यसअघि निर्वाचन क्षेत्र नं. ३ को सर्वदलीय बैठक सपन्न भइसकेको छ ।

फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि बाँकेमा कूल तीन लाख ५० हजार ३७१ जना मतदाता रहेका छन् ।

यसैबिच बाँकेमा दुई हजार ४९१ निर्वाचन प्रहरी छनोट भएका छन् । जनपथतर्फ दुई हजार १८८ र सशस्त्र प्रहरीतर्फ ३०३ जना छनोट भएको जिल्ला प्रहररी कार्यालय, बाँकेका प्रहरी नायब उपरीक्षक दीपक पातलीले जानकारी दिए ।

उनका अनुसार निर्वाचन सुरक्षामा नेपाल प्रहरी र सशस्त्र प्रहरीलाई निर्वाचन प्रहरीले सहयोग गर्ने छ ।

# यस वर्ष पर्वतबाट ३२ करोडको सुन्तला निर्यात



पर्वत । यस वर्ष जिल्लाबाट रु ३२ करोडको सुन्तला निर्यात गरिएको छ । यहाँका विभिन्न स्थानमा उत्पादन भएको सुन्तलाबाट रु ३२ करोड पाँच लाख भित्र्याउन कृषक सफल भएको कृषि विकास कार्यालयले जनाएको छ ।

जिल्लाको सबैभन्दा बढी सुन्तला उत्पादन हुने स्थान बाँसखर्कबाट मात्र रु २० करोडका सुन्तला निर्यात भएको छभने मल्लाजको पूर्णगाउँ, रातमाटा, शालिजा, भोटेडाँडा, मोदी गाउँपालिकाको देउपुर, बाजुङ, चित्रे, फलेवास नगरपालिकाको कुर्घा, पाङराङ, ठानामौला, लिमिठानालगायत स्थानमा उत्पादन भएका सुन्तला जिल्लाबाट अन्यत्र निर्यात गरिएको हो ।

कार्यालयका अनुसार यस वर्ष तीन हजार ४२१ मेट्रिकटन सुन्तला उत्पादन भएर निर्यात भएको हो । कृषकले प्रतिकिलोग्राम रु ९५ देखि रु १२० सम्म बोटबाटै बिक्री भएको कृषि विकास कार्यलयले जनाएको छ । कार्यालयका सूचना अधिकारी सोविता सुवेदीले पर्वतमा चालु आर्थिक वर्षमा सुन्तला उत्पादन पनि राम्रो भएको र बजार मूल्य पनि राम्रो पाएको जानकारी दिइन् ।

व्यावसायिक रुपमा सुन्तलाखेती गरिरहेका किसान यस वर्ष सुन्तलाको राम्रो मूल्य पाएको भन्दै हर्षित बनेका छन् । गाउँ-गाउँमा सडकको सुविधा पुगेसँगै काठमाडौँ, नारायणगढ, पोखरालगायत स्थानबाट व्यापारीले बगानमै आएर सुन्तला लगेका थिए । गाउँमा सडक पुगेपछि आफैँले लगेर काठमाडौँ तथा बुटवलका बजारमा बिक्री गर्न पाएको तथा बजारका व्यापारी पनि गाउँमै आएर सुन्ताल किनेर लाने गरेको किसानहरुले बताएका हुन् ।

एउटै टोलबाटै रु एक करोडदेखि रु डेढ करोडसम्म सुन्तला बिक्री गर्न सफल भएको फलेवास नगरपालिका-११ का कृषक रामप्रसाद गौतमले बताए । पछिल्लो सुन्तला कृषकलाई प्रोत्साहन दिनका लागि प्रदेश सरकार र स्थानीय तहहरुले पनि विभिन्न सहयोग गर्दै आएका छन् । किसानलाई विभिन्न स्थलगत तालिम दिनेदेखि, गोडमेल गर्ने, चुन, नीलोतुथो जस्ता विषादी पनि दिने गरिएको छ ।

मध्यपहाडी लोकमार्ग र कालीगण्डकी करिडोर जस्ता राजमार्ग सञ्चालन हुनाका साथै ग्रामीण क्षेत्रसम्म गुणस्तरीय सडक सञ्जाल फैलिएपछि सुन्तला बजारीकरणमा समेत सहज भएको छ ।

किसानले सुन्तला ग्रेडिङ गरेर जेठी, माइली, कान्छी गरेर बगैँचाबाटै बिक्रीका लागि लाने गरिएको बताएका छन् । यहाँ माघको अन्तिम सातासम्म बोटमै सुन्तला रहने हावापानी भएका कारण पनि सुन्तलाले राम्रो मूल्य पाएको हो ।

यहाँ ४०० भन्दा बढी किसानले व्यावसायिक सुन्तलाखेती गर्दै आएका छन् । विशेषगरी जलजला गाउँपालिका, फलेवास नगरपालिका र मोदी गाउँपालिकाका विभिन्न वडामा गरी ८३३ हेक्टर क्षेत्रफलमा सुन्तलाखेती हुँदै आएको छ । पछिल्लो वर्षमा सुन्तलाखेतीमा किसानको आकर्षणसमेत बढ्दै गएको छ ।

**चुनावको...**

चुनावको लागि लुटिएका हतियार, फरार कैदी बन्दी नियन्त्रण अनिवार्य शर्त हो । अर्कोतर्फ हिमाली क्षेत्रमा मौसमको प्रतिकूलता पनि छ ।'-उनले भने ।

फागुन २१ गते हुने चुनाव सार्न नहुने बताउँदै ज्ञवालीले २०८४ को चुनाव २०८२ मा भए पनि यो निर्वाचनले पनि राजनैतिक निकास दिन नसक्ने बताए ।

नेता ज्ञवालीले संसद् पुनःस्थापनाको मुद्दामा सर्वोच्चले चाँडै फैसला गरेर संवैधानिक मर्मलाई ख्याल गर्नुपर्ने बताए । 'संवैधानिक र कानूनी हिसाबले संसद् विघटन गलत छ,' ज्ञवालीले भने-'बहुमत सांसदले संसद् पुनर्स्थापना भनेको अवस्था छ । यो मुद्दामा छिटो फैसला हुन आवश्यक छ । यस्तो संवैधानिक मुद्दामा निर्क्यौल गर्न ढिलाइ गर्न हुँदैन ।'

समाजमा 'नायक' भाष्य सृजना गरिएको बताउँदै उनले त्यसले मुलुकलाई निकास नदिने दाबी गरे । 'अहिलेको चुनाव 'अल्गोरिदम' खेल भइरहेको छ,' उनले भने -'सामाजिक सञ्जालमा हावा प्रचार भइरहेका छन् । समाजको वस्तुस्थिति फरक छ । पपुलिजमको वेभले देशलाई निकास दिँदैन । प्रयोगशाला मात्र बनाउने हो ।'

गत भदौमा भएको जेनजी आन्दोलन क्रान्ति नभएको उनले बताए । सुशासन र देशलाई स्थिरता दिन नवयुवाका मुद्दालाई आत्मसाथ गरी एमाले चुनावमा होमिएको उनले जनाए । ज्ञवालीले गुल्मी–१ बाट उम्मेदवारी दिएका छन् । उनले आफ्नो पार्टीले गुल्मीका दुवै क्षेत्रमा जित निकाल्ने दाबी गरे ।

अहिलेको चुनाव देश जलाउनेहरू र देश बनाउनेहरूबिचको प्रतिस्पर्धा रहेको भन्दै उनले अबको राजनैतिक निकास र देशको विकासको लागि एमालेको जित आवश्यक रहेको बताए ।

**माइग्रेसन सर्टिफिकेट हराएको सूचना**

मेरो निम्न विवरण भएको NEB को माइग्रेसन सर्टिफिकेट यही मिति २०८२।१०।१० गते भैरहवाबाट बुटवल जाँदै गर्दा हराएकोले भेटाउनु भएमा निम्न ठेगानामा खबर गरिदिनुहुन वा नजिकको प्रहरी कार्यालयमा बुझाइदिनुहुन अनुरोध गर्दछु ।

नामः कमल पौडेल
ठेगानाः बुटवल, देविनगर
रजिष्ट्रेशन नम्बरः 795490800331
फोनः ९७४६४०७४३३

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल–१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी



विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



**भन्सारमा रोकिएको कन्टेनरहरू:**
हिउँ परेपछि उपल्लो मुस्ताङको लोमान्थाङ गाउँपालिका-४ स्थित नेचुङ भन्सारमा रोकिएका कन्टेनर । सामान लिन गएको कन्टेनरहरु भारी हिमपात भएपछि रोखिएका हुन् । तस्विरः सुशीलबाबु थकाली/रासस

# रूपन्देही २ मा नेकपाको ७ सय १७ सदस्यीय निर्वाचन परिचालन समिति गठन

बुटवल । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गरी नेपाली कम्युनिष्ट पार्टी ( नेकपा ) ले रूपन्देहीको क्षेत्र नं २ मा ७ सय १७ सदस्यीय निर्वाचन परिचालन समिति गठन गरेको छ ।

नेपाली कम्युनिष्ट पार्टीका नेता नारायण जीसी (निर्मल)को संयोजकत्वमा गठित समितिको सह-संयोजकमा कमल बस्याल, निर्देशक, अनुगमन र मत सर्वेक्षण समितिको संयोजकमा पार्टीका केन्द्रीय सदस्य राम परियार रहेका छन् ।

नेपाली कम्युनिष्ट पार्टीले बिहीबार बुटवलमा निर्वाचन परिचालन समितिको घोषणा गर्दै फागुन २१ गते हुने निर्वाचन नियमित संसदीय निर्वाचन नभई जेनजी आन्दोलनले निम्त्याएको विशेष निर्वाचन भएकोले सम्पूर्ण शक्ति लगाएर निर्वाचनमा होमिन कार्यकर्तालाई निर्देशन दिएको छ ।

घोषणा कार्यक्रममा बोल्दै नेपाली कम्युनिष्ट पार्टीका नेता एवं पूर्व मन्त्री चक्रपाणी खनाल बलदेवले कांग्रेस, एमाले र नयाँ भनिएका दलहरूबाट मुलुक संकटतर्फ धकेलिने जिकिर गर्दै निर्वाचनसँगै आइरहेको दुर्घटनालाई रोक्न र जनताको अपेक्षाअनुसार विकासको खाका कोर्न आफ्नो पार्टी प्रतिबद्ध रहेको बताए । उनले रूपन्देहीका उम्मेदवारहरू आफ्नो तागत र एजेण्डाबाट विजयी भएरै छाड्ने जिकिर समेत गरे ।

रूपन्देही क्षेत्र नं. २ का उम्मेदवार सुवास पाण्डे विश्वदीपले कांग्रेस, एमालेको विकल्प खोज्न फागुन २१ मा चुनाव हुन लागेको उल्लेख गर्दै जनताको अधिकार खोस्न नदिई विकास निर्माणको अभिभारा पूरा गर्न आफ्नो पार्टीलाई मत दिन आग्रह गरे ।

राजनैतिक विश्लेषक युग पाठकले चुनावभन्दा ठूलो लडाइ देशलाई संभावित दुर्घटनाबाट जोगाउनु रहेको बताए । निर्वाचन परिचालन समिति घोषणा कार्यक्रममा नेकपाका केन्द्रीय सदस्यहरू राम परियार, महेन्द्र अर्याल, मजदुर नेता चिनबहादुर गुरूङ्ग, नेतृ रिज्जु श्रेष्ठलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

रूपन्देही क्षेत्र नं. २ मा बुटवल उप-महानगरपालिकाका १ देखि १३ नं. सम्मका वडा, तिलोत्तमा नगरपालिकाका १ देखि ६ नं. सम्मका वडा र सैनामैना नगरपालिकाका १ देखि ४ नं. सम्मका वडा पर्दछन् ।

# प्यारामाउन्टको खेलकुद सप्ताह जारी



तिलोत्तमा । प्यारामाउन्ट बोर्डिङ् हाइस्कुलमा खेलकुद सप्ताहअन्तर्गत विभिन्न प्रतियोगिताहरू सम्पन्न भएका छन् ।

कक्षा नर्सरीदेखि १२ सम्मका विद्यार्थीहरू सहभागी गराएर सञ्चालित खेलकुद सप्ताह अन्तर्गत दोस्रो दिन कक्षा ११ र १२ का विद्यार्थीहरूबिच विभिन्न खेलहरू सम्पन्न भएका छन् ।

छात्राहरूबिच भएको टिटी खेलमा कक्षा ११ की सेजल गुरूङ प्रथम, कक्षा १२ की तारा थापा द्वितीय र कक्षा ११ कि प्राप्ति साही तृतीय भएकी छन् ।

त्यस्तै छात्रको टिटी प्रतियोगितामा शशांक विक्रम शाही प्रथम, सवेन्द्र राना द्वितीय र जेनिस राजकोटी तृतीय भएका छन् ।

त्यस्तै छात्रा भलिबलतर्फ कक्षा १२ को अनुष्का न्यौपानेको समूह प्रथम र कक्षा ११ को अस्मी राजकोटीको समूह द्वितीय भएका छन् ।

यस्तैगरी छात्र भलिबलतर्फ कक्षा ११ को बबिन गाहको समूह प्रथम र कक्षा ११ कै गौरव खरेलको समूह द्वितीय भएका छन् ।

यसैगरी छात्र छात्रातर्फ ४०० मिटर रिले दौड प्रतियोगिता, र २०० मिटर दौड प्रतियोगिता पनि सम्पन्न भएका छन् ।

प्रतियोगिता शुक्रबारसम्म जारी रहने प्यारामाउन्ट बोर्डिङ् हाइस्कुलका प्लस टु संयोजक लक्ष्मण अर्यालले जानकारी दिए ।

# वक्तृत्वकलामा सनसाइन प्रथम



भैरहवा । निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन नेपाल (प्याब्सन) सिद्धार्थनगरको आयोजनामा भएको वक्तृत्वकला प्रतियोगितामा सनसाइन इंग्लिस बोर्डिङ् स्कुलकी विद्यार्थी अर्पना गौतम प्रथम भएकी छिन् ।

"त्यागको सम्मान र समृद्ध नेपाल निर्माण" विषयमा कक्षा १ देखि ५ सम्मका विद्यार्थीहरूबिच भएको बाल वक्तृत्वकला प्रतियोगिता काशी नोबल एकेडेमीकी सुदिक्षा अधिकारी दोस्रो र सिद्धार्थ ज्ञान ज्योतिका मानसेन कान्दुले तृतीय स्थान हासिल गरिन् । यस्तै मुनलाइट आवासिय माध्यमिक विद्यालयकी सारूप्या सेढाईले सान्त्वना भइन ।

कार्यक्रमका प्रमुख अतिथि तथा वडा ६ का वडाध्यक्ष वीरेन्द्र श्रीवास्तवले सानै उमेरदेखि विद्यार्थीहरूमा देशप्रेम, त्याग र राष्ट्रप्रति जिम्मेवारीको भावना विकास गर्न यस्ता प्रतियोगिता महत्वपूर्ण हुने बताए । विद्यार्थीहरूको उत्साहजनक सहभागिताले उनीहरूको आत्मविश्वास, अभिव्यक्ति क्षमता तथा नेतृत्व सीप विकासमा सहयोग पुग्ने उनको भनाइ थियो ।

यसैगरी, कार्यक्रममा बोल्दै अध्यक्ष, प्याब्सन सिद्धार्थनगर नगरपालिका रूपन्देहीका अध्यक्ष उदयकुमार मल्लिकले विद्यार्थीहरूमा सहिदप्रतिको सम्मान, त्यागको कदर तथा समृद्ध नेपाल निर्माणप्रति चेतना र प्रेरणा जागरूक गराउने उद्देश्यले यस्ता वक्तृत्व प्रतियोगिताको आयोजना गरिएको बताए ।

कार्यक्रमका संयोजक तथा प्राचार्य, मुनलाइट आवश्यक माध्यमिक विद्यालयका प्राचार्य टिकाराम भट्टराईले कक्षा १ देखि ५ सम्मका विद्यार्थीहरूको अन्तर्निहित प्रतिभा प्रस्फोटन गर्ने उद्देश्यले वक्तृत्व प्रतियोगिता आयोजना गरिएको जानकारी दिए । यस्ता कार्यक्रमले विद्यार्थीहरूमा बोल्ने कला, आत्मविश्वास र सकारात्मक सोंचको विकासमा उल्लेखनीय भूमिका खेल्ने उनको विश्वास थियो ।

प्रतियोगितामा आठ वटा विद्यालयका विद्यार्थीहरूको सहभागिता रहेको थियो भने प्रतियोगिताका निर्णयकमा द्वय रामकुमार केवट र अवधेश लोध रहेका थिए । कार्यक्रम मुनलाइट आवश्यक माध्यमिक विद्यालयमा सम्पन्न भएको हो ।

# लुम्बिनी प्रदेश डेभलपमेन्ट बैंक एसोसिएसन गठन

बुटवल । लुम्बिनी प्रदेशमा कार्यरत विकास बैंकहरूबिच आपसी समन्वय, सहकार्य तथा साझा सरोकारका विषयमा सामूहिक पहल गर्ने उद्देश्यका साथ डेभलपमेन्ट बैंक एसोसिएसन लुम्बिनी प्रदेश गठन गरिएको छ ।

ज्योति विकास बैंकको प्रदेश कार्यालय बुटवलमा आयोजना गरिएको प्रदेश/क्षेत्रीय प्रवन्धकहरूको डेभलपेन्ट एसोसिएन गठन गरिएको हो । उक्त भेलामा लुम्बिनी प्रदेशका विभिन्न विकास बैंकका वरिष्ठ अधिकृतहरूको सहभागिता रहेको थियो ।

भेलाले आगामी दुई वर्षका लागि गरिमा विकास बैंक क्षेत्रिय प्रवन्धक लेखनाथ भट्टराईको अध्यक्षतामा ७ सदस्यीय समिति गठन गरेको छ । सचिवमा महालक्ष्मी विकास बैंकका गौतम गुप्तालाई चयन गरिएको छ ।

त्यसैगरी संघको सदस्यमा ज्योति विकास बैंक लिमिटेडका कपिल न्यौपाने, शाइन रेसुङ्गा विकास बैंक लिमिटेडका विष्णु बहादुर थापा, कामना सेवा विकास बैंक लिमिटेडका हेमन्त बाबु आचार्य, सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडका आलोक पण्डित तथा लुम्बिनी विकास बैंक लिमिटेडका आलोकप्रसाद सेरचन रहेका छन् ।

नवगठित संघले लुम्बिनी प्रदेशमा विकास बैंकहरूबिच सहकार्य सुदृढ गर्दै बैंकिङ क्षेत्रका साझा समस्या समाधान, वित्तीय पहुँच विस्तार तथा प्रदेशको आर्थिक विकासमा योगदान पुऱ्याउने अपेक्षा गरिएको छ । पहिलो पटक प्रदेशस्तरीय डेभलपमेन्ट बैंक एसोसिएसन गठनले बैंकिङ गतिविधिमा समेत सहजता हुने अपेक्षा लिइएको छ ।

# गुल्मीमा ५३ प्रतिशत नागरिक स्वास्थ्य बिमामा आबद्ध

गुल्मी । छ वर्षको अवधिमा गुल्मीमा ५३ प्रतिशत नागरिक स्वास्थ्य बिमा कार्यक्रममा आबद्ध बनेका छन् । पछिल्लो समयमा जिल्लामा स्वास्थ्य बिमा गर्ने नागरिकको संख्यामा वृद्धि हुँदै जान थालेको छ । नागरिकले स्वास्थ्य बिमा कार्यक्रमको महत्वका बारेमा बिस्तारै बुझ्दै जान थालेसँगै स्वास्थ्य बिमाप्रतिको आकर्षण बढ्न थालेको हो ।

पछिल्लो तथ्याङ्कअनुसार हाल एक लाख ३१ हजार १२७ जना स्वास्थ्य बिमामा आबद्ध बनिसकेका छन् । बिमामा आबद्धता हुनेहरुमा ६७ हजार ५१७ महिला र ६३ हजार ६०८ पुरुष रहेका छन् । जिल्लामा रहेका १२ स्थानीय तह मध्यमा संख्याका आधारमा रेसुङ्गा नगरपालिका स्वास्थ्य बिमा गर्नेमा सबैभन्दा अगाडि छ । उक्त नगरपालिकामा २५ हजार २१२ व्यक्ति बिमामा आबद्ध भएका छन् ।

त्यसैगरी रुरुक्षेत्र गाउँपालिकामा १४ हजार २१७ बिमित बनेका छन् । जिल्लामा पालिकाहरुमा रहेको जनसंख्याका आधारमा भने रुरुक्षेत्र गाउँपालिकामा सबैभन्दा धेरै नागरिक बिमित बनेको स्वास्थ्य बिमा बोर्ड गुल्मीका संयोजक तथा दर्ता अधिकारी सुवास घिमिरेले जानकारी दिए ।

रुरुक्षेत्र गाउँपालिकामा पछिल्लो समयमा स्वास्थ्य बिमा दर्ता अभियानमा नागरिकहरुले सक्रिय सहभागिता जनाएको अध्यक्ष यदु ज्ञवालीले बताए । उनले यस आर्थिक वर्षमा पालिकाभित्र ९० प्रतिशत बिमित पुऱ्याउने योजना रहेको बताए । अध्यक्ष ज्ञवालीले विपन्न तथा असहाय नागरिकलाई स्वास्थ्य बिमा कार्यक्रमसँग जोड्ने गरी कार्यक्रमलाई अझ प्रभावकारी ढङ्गले अगाडि बढाइएको जानकारी दिए ।

त्यसैगरी मुसिकोट नगरपालिकामा आठ हजार २६१, चन्द्रकोट गाउँपालिकामा छ हजार ५१७, धुर्कोट गाउँपालिकामा १० हजार ७३३, छत्रकोट गाउँपालिकामा १२ हजार ५७३ र गुल्मीदरबारमा १० हजार ४३१ जना स्वास्थ्य बिमा कार्यक्रममा आबद्ध भएका छन् ।

त्यसैगरी इस्मा गाउँपालिकामा सात हजार ७९०, कालिगण्डकीमा छ हजार ८२१, मदाने गाउँपालिकामा तीन हजार ९३२, मालिका गाउँपालिकामा आठ हजार ४५१ र सत्यवती गाउँपालिकामा १६ हजार १९० जना नागरिक स्वास्थ्य बिमामा आबद्ध बनिसकेको बताइएको छ ।

जिल्लामा छ वर्षको अवधिमा कुल जनसंख्याका आधारमा ५३ प्रतिशत नागरिक स्वास्थ्य बिमा कार्यक्रममा आबद्ध बनिसकेको स्वास्थ्य बिमा बोर्डका दर्ता अधिकारी घिमिरेले बताए । जिल्लामा गुल्मी अस्पताल, जिल्ला आँखा उपचार केन्द्र तम्घास, धुर्कोट आधारभूत अस्पताल, गुल्मीदरबार आधारभूत अस्पताल, श्रृङ्गा प्राथमिक स्वास्थ्य केन्द्र, रुरु प्राथमिक स्वास्थ्य केन्द्र र जोहाङ्ग प्राथमिक स्वास्थ्य केन्द्र गरी सातवटा अस्पतालले स्वास्थ्य बिमा सेवा उपलब्ध गराउँदै आएका छन् ।

विगत वर्षहरुको तुलनामा जिल्लामा स्वास्थ्य बिमा गर्नेहरुको संख्या बढ्दै गएको दर्ता अधिकारी घिमिरेले जनाए । स्वास्थ्य बिमा कार्यक्रमका लागि जिल्लामा दुई जना कर्मचारी र ९४ जना दर्ता सहयोगी रहेका छन् ।

# चौथो न्यू होराइजन कप छात्र भलिबल प्रतियोगिता सुरु



बुटवल । न्यू होराइजन स्पोर्टस् क्लबको आयोजनामा चौथो न्यू होराइजन कप अन्तरमावि जिल्लास्तरीय छात्र भलिबल प्रतियोगिता २०८२ सुरु भएको छ ।

न्यू होराइजन माविको खेलमैदान बुटवल ११ देवसिद्ध चोकमा माघ १७ गतेसम्म चल्ने प्रतियोगिताको बुटवल उप-महानगरपालिकाकी उप-प्रमुख सावित्रादेवी अर्यालले उद्घाटन गरेकी छन् ।

सो अवसरमा बोल्दै उप-प्रमुख अर्यालले बुटवल उप-महानगरले विभिन्न विधाका खेलकुदको विकासका लागि प्रतियोगिता आयोजना गर्न पर्याप्त बजेट विनियोजन गरेको बताइन् । बुटवल नगर खेलकुद विकास समितिका अध्यक्ष बोनिन पियाले विद्यालयस्तरमा आयोजना हुने प्रतियोगिताले विद्यार्थीको खेल प्रतिभा प्रस्फुटन गरी राष्ट्रियदेखि अन्तर्राष्ट्रियस्तरका खेलाडी उत्पादनमा योगदान पुग्ने बताए । न्यू होराइजन मावि शिक्षामा मात्र नभई खेलकुदमा पनि अब्बल रहेको पियाले उल्लेख गरे ।

न्यू होराइजन माविका प्राचार्य लोकनाथ उपाध्ययले खेलकुदका विभिन्न विधामा प्रतियोगिताहरू आयोजना गरी खेलकुदको विकास, खेलाडी उत्पादन लागि विद्यालयअन्तर्गत न्यू होराइजन स्पोर्टस् क्लब गठन गरी क्रियाशील भएको र खेलकुदमा उल्लेखनीय उपलब्धि हासिल भएको बताए ।

प्रतियोगितामा जिल्लाका ९ संस्थागत र ७ सामुदायिक गरी १६ टिमको सहभागिता रहेको छ ।

उद्घाटन कार्यक्रममा विद्यालयका उप-प्राचार्य राजीव श्रेष्ठ, विद्यालयका अतिरिक्त क्रियाकलाप प्रमुख बालकृष्ण बस्याल, न्यू होराइजन स्पोर्टस् क्लबका अध्यक्ष चेतन ठकुरी, शिक्षक एवं क्लबका सदस्य मिलन राना, सचिव लिला खनाललगायतले विद्यालयस्तरबाट खेलाडी उत्पादन गर्न प्रतियोगिताले सहयोग पुग्ने बताए ।

प्रतियोगितामा प्रथम हुनेले ४० हजार, द्वितीय हुने टिमले नगद ३० हजार, तृतीय हुनेले नगद २० हजार र सान्त्वना हुनेले नगद १० हजारसहित कप मेडल र प्रमाणपत्र प्राप्त गर्ने छन् ।

प्रतियोगितामा बेष्ट प्लेयर, सेटर, ब्लकर, स्पाइकर, डिफेन्डर, सर्भर, कोच, अनुसाशित खेलाडी र उदियमान खेलाडीलाई पनि पुरस्कृत गरिनेछ ।

# स्याङ्जाका ५६ मतदानस्थल अति संवेदनशील

वालिङ । स्याङ्जाका ५६ मतदानस्थल अति संवेदनशील छन् । जिल्ला सुरक्षा समितिको बैठकले सुरक्षाको दृष्टिलाई मध्यनजर गर्दै आगामी फागुन २१ गते हुन लागिरहेको प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि जिल्लाका ५६ मतदानस्थललाई अति संवेदनशीलको सूचीमा राखेको हो ।

सुरक्षाका दृष्टिले जिल्लाका मतदानस्थललाई तीन भागमा वर्गीकरण गरेर सूची निर्धारण गरेर केन्द्रमा सिफारिस गरिएको जिल्ला सुरक्षा समितिका अध्यक्ष एवम् प्रमुख जिल्ला अधिकारी ईश्वरीप्रसाद अर्यालले जानकारी दिए । स्याङ्जाका एकसय ९९ मतदानस्थलमध्ये सामान्य ७२ वटा, संवेदनशील ७१ वटा र अति संवेदनशील ५६ वटा रहेका छन् । "सडक तथा यातायातको पहुँच, सुरक्षा अवस्था, भौगोलिक अवस्था, सूचना तथा सञ्चारको पहुँच, विगतको निर्वाचनमा भएका गतिविधिलाई आधार मानेर मतदानस्थलको बैठकबाट सूची तयार भएको हो," उनले भने-"मतदानस्थलको संवेदनशीलताका आधारमा सुरक्षा योजना बनाइने छ ।"

निर्वाचनलाई स्वच्छ, मर्यादित र भयरहित वातावरणमा सम्पन्न गर्नका लागि जिल्लाका दुई वटै क्षेत्रका विभिन्न राजनीतिक दल, सम्बद्ध उम्मेदवार तथा स्वतन्त्र उम्मेदवारले प्रतिबद्धता जनाएका उनले बताए । मतदानस्थलको संवेदनशीलताका आधारमा आवश्यक सुरक्षा योजना बनाउनका लागि जिल्ला सुरक्षा समिति, निर्वाचन अनुगमन समितिसहित निर्वाचन अधिकृतको संयुक्त टोलीले जिल्लाका मतदानस्थलको स्थलगत अध्ययन तथा अवलोकन गरिरहेको छ ।

दुई निर्वाचन क्षेत्र रहेको स्याङ्जामा एकसय ९९ मतदानस्थल रहेका छन् । जिल्लामा तीन सय २२ मतदान केन्द्र रहेका छन् । गत निर्वाचनमा एकसय ९९ मतदानस्थल रहेको थियो, भने मतदान केन्द्र तीनसय २० कायम रहेकोमा यसपटक दुई मतदान केन्द्र थप भएका जिल्ला निर्वाचन कार्यालय.स्याङ्जाका प्रमुख श्रीराम थापाले जानकारी दिए ।

विसं २०८२ फागुन २० गतेसम्म १८ वर्ष उमेर पूरा भई दुई लाख ४८ हजार ८१६ जनाले आगामी प्रतिनिधिसभा निर्वाचनमा मतदान गर्न पाउने भएका हुन् । स्याङ्जामा पुरुष मतदाताभन्दा महिला मतदाताको संख्या धैरै रहेको छ ।

पुरुषभन्दा महिला मतदाता तीन हजार ८८७ जना धैरै रहेका छन् । प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं. १ मा एक लाख ३० हजार ८८६ मतदाता रहेका छन् । स्याङ्जा क्षेत्र नं २ मा एक लाख १७ हजार ९३० मतदाता रहेका छन् ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com